हिंसामुक्त घर, सुखी परिवार ।
समृद्ध समाजको बलियो आधार ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
prateekdaily.com




❖ वर्ष ३५ ❖ २०७८ पुस ०५ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 December 20 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ११४

## जाडोमा माछाको माग बढ्दो, माझीहरूलाई भ्याइनभ्याइ

नरेश यादव, पर्सागढी, ४ पुस/

जाडोको सिजनमा अहिले माछाको बिक्री बढेको छ । यो परम्परागतरूपमा पाइन्थ्यो तर अहिले स्थानीय माछाको उपलब्धतासँगै सस्तो पनि भएकोले सबैजना स्थानीय माछाप्रति रुचि देखाउँदै तीन किलो माछा वार्षिकरूपमा खपत हुने गरेको छ । पोखरीमा माछाको मूल्य प्रतिकिलो रु १८० देखि तीन सयसम्म



पर्सागढीमा माछा मार्दै माझीहरू



वीरगंजको सबैभन्दा पुरानो बिर्तास्थित माछाबजारमा शुक्रवार माछा खरीद गर्न ग्राहकहरूको भीड । तस्वीरः प्रतीक

हुँदै आएको कुरा हो । जाडोमा माग बढी हुन्छ र माछा मार्ने काम पनि सोही अनुरूप बढ्ने गरेको छ ।

पर्सा जिल्ला केही वर्षदेखि माछामा आत्मनिर्भर भइसकेको छ । यसअघि छिमेकी भारतको आन्ध्र प्रदेशबाट ठूलो परिमाणमा माछा आउने गरेको थियो । बारा जिल्लाबाट पनि माछा पर्सामा बिक्री हुन्थ्यो तर अहिले पर्सा जिल्लामा उत्पादित माछा जिल्लामा खपत हुनुका साथै जिल्लाबाहिर र छिमेकी भारतमा समेत जाने गरेको छ । पर्सा जिल्लामा उत्पादित माछा सस्तो पनि भएकोले यसैले बजार लिएको छ ।

आन्ध्र प्रदेशबाट आउने माछा यसअघि जिल्लाका विभिन्न बजारमा आएका छन् । पछिल्लो तथ्याङ्कमा पर्सा जिल्लामा एक हजार ५२० वटा पोखरी रहेको र यो अवधिमा कोरोनाको कारण थप पोखरी खनिएका छैनन् । कोरोनाअघि बर्सेनि २० वटाभन्दा बढी पोखरी थपिन्थ्यो ।

अहिले जिल्लामा निजीस्तरका २७ वटा मत्स्य नर्सरी र छवटा भुरा उत्पादन केन्द्र पनि छन् । पोखरीको लागि आवश्यक भुराको लागि बाहिर जिल्ला जानुपर्ने अवस्था पनि छैन । गत वर्षको तथ्याङ्क अनुसार पर्सा जिल्लामा ५७१.०७ हेक्टर जलाशय थियो र त्यसमा ४२१.७१ हेक्टरमा माछाखेती भएर तीन हजार १४४.३५ मेट्रिक टन खानयोग्य माछा उत्पादन हुँदै आएको छ । कोरोनाका कारण पोखरी थप नभएकाले यस वर्ष पनि यसै हाराहारीमा माछा उत्पादन भएको अनुमान गरिएको छ ।

कृषि ज्ञान केन्द्रका अनुसार प्रतिव्यक्ति पर्ने गर्छ भने बजारमा रु तीन सयदेखि पाँच सयसम्ममा बिक्री हुने गर्छ ।

**जाडोमा माछाको माग बढी**

एक तथ्याङ्कले जाडोमा माछाको माग बढी हुने गरेको देखाएको छ । गर्मीमा माछा पकाएकै दिन खानुपर्ने अवस्था रहे पनि जाडोमा पकाएको माछा भोलि–पर्सिसम्म खान सकिने भएकोले चीसो मौसममा गर्मीको तुलनामा माछा स्वादिलो पनि हुने भएकोले माछाको माग बढी हुने गरेको व्यवसायीहरू बताउँछन् । गर्मीको तुलनामा जाडोयाममा माछाको माग बढी हुने र मूल्य पनि बढ्ने हुनाले अधिकांश पोखरी भएका व्यक्तिहरूले यही सिजनमा माछा मार्ने गर्छन् ।

**माझीको माग बढ्दो**


जाडोमा माछा मार्नेहरूको माग बढेसँगै उनीहरूलाई भ्याइनभ्याइ छ । सामान्य अवस्थामा पोखरीबाट मारिने

(बाँकी अन्तिम पातामा)

## सखुवाप्रसौनीमा प्रमुख प्रशासकीय अधिकृतको विषयलाई लिएर
## आर्थिक तथा प्रशासनिक कार्य प्रभावित

प्रस, पंचगावाँ, ४ पुस/

सखुवाप्रसौनी गाउँपालिकाका प्रमुख




प्रशासकीय अधिकृतको विषयलाई लिएर विवाद बढ्दा यहाँको आर्थिक तथा प्रशासनिक कार्य प्रभावित भएको छ ।

गापा उपाध्यक्ष फूलमतीदेवी चौधरी र तीनजना वडाध्यक्षको सहभागितामा यसै आर्थिक वर्षको कात्तिक २४ गते विशेष गाउँसभा बसेर तहगत वरिष्ठको रूपमा कार्यरत वरिष्ठ अहेब, अधिकृत छैटौं तहका राजेशप्रसाद रौनियारलाई अर्को प्रमुख प्रशासकीय अधिकृत नआउन्जेलसम्म कामकाजमा लगाउने र सोको मन्त्रालयबाट अनुमति लिने निर्णय गरिएको थियो । उपाध्यक्ष चौधरीको अध्यक्षतामा बसेको बैठकले यस्तो निर्णय गरे पनि अध्यक्ष प्रदीपकुमार जैसवालको टोलीले मङ्सिर ५ गते केही वडाध्यक्षको समर्थनमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जनस्वास्थ्य निरीक्षक भोजेन्द्रकुमार चौधरीलाई प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी तोकेको पत्र ल्याएको थियो ।

मन्त्रालयले चौधरीलाई नै पुनः मङ्सिर २४ गते अर्को पत्रबाट पनि जिम्मेवारी तोकेको थियो । तर यसबीचमा उपाध्यक्ष चौधरीसमेतले गरेको विशेष गाउँसभाबाट प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी पाएका रौनियारले सर्वोच्च अदालतमा रिट दिएका थिए ।

सो रिट सम्बन्धमा अदालतका न्यायाधीश सुषमालता माथेमाको इजलासले मन्त्रालयको मङ्सिर ५ र २४ गतेको पत्र कार्यान्वयन नगर्नु र यथास्थितिमा राख्नु भनी अल्पकालीन अन्तरिम आदेश जारी गरेको थियो । यसै कारण अहिले सखुवाप्रसौनी गापाको आर्थिक तथा प्रशासनिक काम ठप्प छ ।

यसबीचमा प्रमुख प्रशासकीय अधिकृतको कुर्सीमा मन्त्रालयबाट तोकिएका भोजेन्द्रकुमार चौधरी विराजमान छन् तर उनको नाममा खाता भने सञ्चालनमा छैन । जसले गर्दा यहाँको कामकारबाई प्रभावित भएको छ ।

## नेपालको विकास र समृद्धिका लागि भारत सदैव तत्पर –सांसद जयसवाल

प्रस, रक्सौल, ४ पुस/

भारतीय जनता पार्टी, रक्सौलको आयोजनामा तीन दिवसीय प्रशिक्षण




कार्यक्रममा मन्तव्य व्यक्त गर्दै सांसद डा सञ्जय जयसवाल । तस्वीरः राजेश केशरीवाल

शिविर सम्पन्न भएको छ । आइतवार शिविरको समापन गर्दै भाजपाका प्रदेश अध्यक्ष डा सञ्जय जयसवालले नेपालको विकास र समृद्धिका लागि भारत सदैव सकारात्मक रहेको बताए ।

उनले भारतले नेपालसहित, बङ्गलादेश, श्रीलङ्कालगायतका देशको विकासमा हरसम्भव प्रयास गरिरहेको दाबी गरे । प्रधानमन्त्री नरेन्द्र मोदीको प्रशंसा गर्दै उनले सन् २०१४ अघिको प्रधानमन्त्री र त्यसपछिको प्रधानमन्त्रीमा धेरै ठूलो भिन्नता रहेको बताए । उनले चीनसँगको सबै सीमावर्ती क्षेत्रमा सडक निर्माण गरेको, राफेल विमान ल्याएको र कोरोनाकालमा पनि मोदीले निकै ठूलो काम गरेर भारतको विश्वमा पहिचान बढाएको बताए ।

डा जयसवालले रक्सौल–काठमाडौं रेलको लागि काम तुरुन्त शुरू हुने बताए । उनले बिहार क्षेत्रमा उद्योगको आवश्यकता भएको बताए । उद्योग स्थापनाबाट रोजगारको समस्या धेरै हदसम्म समाधान हुने उनले बताए ।

भाजपा जिल्ला अध्यक्ष वरुण सिंहको अध्यक्षतामा भएको प्रशिक्षण उद्घाटन कार्यक्रममा विधायक प्रमोदकुमार सिन्हाले स्वागत र पूर्वसांसद साबिर अलिले धन्यवाद ज्ञापन गरेका थिए । कार्यक्रममा प्राडा अनिलकुमार सिन्हा, भाजपाका पूर्व जिल्ला अध्यक्ष प्रमोदशङ्कर सिंहलगायतको सहभागिता थियो । कार्यक्रमको सहजीकरण अशोककुमार पाण्डेले गरेका थिए ।

## छोटकरी

### स्रोत नखुलेको रुपियाँसहित दुईजना पक्राउ

प्रस, सर्लाही, ४ पुस/

सशस्त्र प्रहरीले स्रोत नखुलेको रुपियाँसहित सर्लाहीबाट दुईजना भारतीय नागरिकलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा भारतमा घर बताउने ४८ वर्षीय प्रमोद कुमार र ३७ वर्षीय आशिष कुमार छन् ।

बिआर ३० वाई ४१३९ नम्बरको भारतीय मोटरसाइकलमा नेपालबाट भारततर्फ गइरहेका उनीहरूलाई सशस्त्र प्रहरी बल नेपाल नम्बर–१० गण सर्लाहीले पक्राउ गरेको हो । उनीहरूको साथबाट नेपाली १ लाख १५ हजार र ४७ हजार ५ सय भारतीय रुपियाँ बरामद गरेको प्रहरीले जनाएको छ ।

पक्राउ परेकाहरूलाई जिल्ला प्रहरी कार्यालय, सर्लाहीमा बुझाइएको सशस्त्र प्रहरी बलले जनाएको छ ।

## पर्सा जिल्लामा करीब चार लाखले खोप लिए
## एक लाख १७ हजारले लिए विशेष खोप

नितेश कर्ण, वीरगंज, ४ पुस/

पर्सा जिल्लामा अहिलेसम्म ३७.६३ प्रतिशतले कोरोनाविरुद्धको खोप लिएका छन् । जिल्ला स्वास्थ्य कार्यालय, पर्साले जनाए अनुसार कोभिशिल्डको पहिलो मात्राको खोप ३७ हजार ७७१ जना र दोस्रो मात्राको खोप ३२ हजार ८०६ जनाले लिइसकेका छन् ।

यसैगरी, भेरोसिल खोपको पहिलो मात्रा एक लाख ६७ हजारजनाले लिएका छन् भने दोस्रो मात्राको खोप ७८ हजार २९७ जनाले लिएका छन् । अस्ट्राजेनिका खोपको पहिलो मात्रा २३ हजार ५८३ जना र दोस्रो मात्रा २१ हजार ९८२ जनाले लिएका छन् । फाइजर खोपको पहिलो मात्रा दुई हजार ५५३ जनाले लिएका छन् । फाइजरको दोस्रो मात्राको




खोप अहिले लागेको छैन । जोन्सन एन्ड जोन्सनको खोप ३४ हजार ५०७ जनाले लिएका छन् । कोरोनाविरुद्धको खोपमा जोन्सन खोपको एक मात्रा लिए पुग्छ । अन्य खोप भने दुई मात्रामा लिनुपर्ने हुन्छ ।

जिल्ला स्वास्थ्य कार्यालय, पर्साले जनाए अनुसार अहिलेसम्म पहिलो मात्रा लिने २ लाख ३१ हजार ५०७ जना छन् भने दोस्रो मात्रा लिने १ लाख ६७ हजार ५९२ जना गरी हालसम्म पर्सा जिल्लामा ३ लाख ९९ हजार ९९ जनाले खोप लिइसकेका छन् ।

यसैबीच, विशेष खोप अभियानमा कोभिशिल्डको पहिलो मात्रा ६४१ जनाले र दोस्रो मात्रा २३ हजार ५४२ जनाले लिएका छन् । विशेष अभियानमैं भेरोसिल खोपको पहिलो मात्रा ८२ हजार ६८२ जनाले र दोस्रो मात्रा ११ हजार ९२२ जनाले लिएका छन् ।

पर्सा जिल्लामा विशेष खोप अभियान मङ्सिर २२ देखि २७ गतेसम्म सञ्चालन

(बाँकी अन्तिम पातामा)

## विचारसार र सूक्तिहरू

जसमा एक्लै हिंड्ने हौसला हुन्छ, एक दिन उसैका पछि लश्कर लाग्छ ।


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# दयनीय शिक्षा स्थिति

**एकजना मन्त्रीले प्रदेश २ को शिक्षाको अवस्था, अति पिछडिएको कर्णाली प्रदेशभन्दा पनि खराब रहेको बताएका छन् । शिक्षासँग सम्बन्धित संस्था प्याब्सन (निजी विद्यालयहरूको संस्था) ले आयोजना गरेको कार्यक्रममा मन्त्रीले उक्त कुरा बताउँदा प्रदेश २ झन् पिछडिएकोजस्तो भान हुन्छ । वास्तवमा प्रदेश २ सुविधासम्पन्न र सङ्घीय राजधानीपछि उन्नत ठाउँ हो । प्रदेश २ अन्य मामिलामा अगाडि रहे पनि शिक्षाको क्षेत्रमा दयनीय अवस्थामा हिंडिरहेकोले यस्तो भनिएको हो। यहाँको बाटोघाटो, यातायात, जीवनस्तर सबै राम्रो छ । थोरै मात्र मानिससँग जीवन निर्वाहको सम्बलको अभाव छ । करोडपति होइन, यहाँ अर्बौंपतिहरूको बसोवास छ। उद्योगहरूको ताँती यहीं छ । यसै प्रदेश भएर देशको पहिलो राजमार्ग खुलेको हो । यसै ठाउँमा देशकै पहिलो विमानस्थल छ। पूर्व–पश्चिम राजमार्गले यसै प्रदेशका थुप्रै ठाउँलाई उन्नति र प्रगतिको सूत्र सिकाएको छ। यहींको भन्सारबाट सर्वाधिक राजस्व सङ्कलन हुन्छ । अन्नको भण्डार यसै प्रदेशमा छ। तर पनि यहाँ शिक्षाको स्तर र अवस्था किन कमजोर भयो त ? यस विचारणीय प्रश्नमा सबैले, खासगरी प्रदेश २ का नागरिकले विचार पुऱ्याउनु आवश्यक छ ।**

**यस प्रदेशमा जनघनत्व बढी छ र थोरै जनसङ्ख्यामा भए पनि, विपन्नता बढी छ। जोसँग साधन छैन, सुविधा छैन, ज्याला–मजदूरी गरेर दुई छाकको गर्जो टार्नुछ, र परम्परादेखि जो शिक्षाको महत्त्वबाट अनभिज्ञ छ, शिक्षाको साटो पेट भर्नु जसको पहिलो आवश्यकता बनेको छ, त्यस्ताले गर्दा शिक्षामा सबैको पहुँच गाऱ्हो भएको छ। तर यसभन्दा पनि यहाँको शिक्षाको स्तर ज्यादै कमजोर छ। त्यसको पछि पनि गरीबी, निर्वाहमुखी सोच बढी जिम्मेवार छ । यसै प्रदेशबाट अधिसङ्ख्य युवा रोजगार खोज्दै विदेश पस्छन् । उनीहरू कसैगरी आजीविका कमाउन चाहन्छन्, पैसा कमाउने पालो पछि आउँछ। त्यस्ता व्यक्ति शिक्षाभन्दा प्रमाणपत्रमुखी बन्नु स्वाभाविक हो । प्रमाणपत्र हासिल गर्नु प्राथमिकतामा परेपछि शिक्षाप्रति विद्यार्थीको खासै रुचि रहन जान्न । अभिभावकहरू त झन् पुर्खाका पालादेखि निरक्षर छन्, तिनलाई पनि प्रमाणपत्र भए पुग्छ । यसरी विद्यार्थी र अभिभावकको अभीष्ट प्रमाणपत्र मात्र भएपछि शिक्षा कमजोर हुने नै भयो। कहाँसम्म देखिएको छ भने आफ्ना विद्यार्थीलाई परीक्षामा उत्तीर्ण गराउन अभिभावक र शिक्षकहरू स्वयं चिट–व्यवस्थापनमा संलग्न हुन्छन् ।**

**हाम्रो समाजका ठूलाबडाहरू समस्या तेर्साउन निकै सिपालु हुन्छन् । मन्त्रीले शिक्षाको स्तरप्रति दुःख व्यक्त गर्नु धन्यवादको कुरा हो, तर त्यस क्षेत्रमा काम गर्ने व्यक्तिमध्ये मन्त्री पनि त एक हुन्। समस्या देखाएपछि समाधानको बाटो सुझाउने, त्यसका लागि अग्र पङ्क्तिमा रहेर योजना बनाउने, जनमत तयार पार्ने काम पनि उनैको हो । किनकि मन्त्रीले भनेको नागरिकले सुन्छ, उसले समस्या समाधानमा चाख देखाउँदा, अरूको मनमा पनि सो अनुरूप गर्ने जाँगर पलाउँछ। तर हाम्रा मन्त्रीहरू यस्तो हुनुपर्छ, यस्तो गर्नुपर्छ मात्र भन्छन्। गर्नका लागि अघि सर्दैनन्। त्यसैले उनीहरूका अभिभाषणले ताली जतिसुकै खाओस्, उपलब्धि प्राप्त हुँदैन। समाजले केही पाउन सक्दैन। यद्यपि समाज विकासको लागि एकजना मन्त्रीले गरेर केही हुने होइन, यसका लागि नागरिक समाज पनि हातेमालो गरेर अघि बढ्नुपर्छ ।**

# विकसित र विकासशील देश

शिक्षा नेपाल




अनन्तकुमार लाल दास
anantlaldas@gmail.com


**विकासको लागि आन्तरिक साधनमाथि बढी निर्भर हुनुपर्छ। बाह्य साधनमाथिको निर्भरताले देशलाई दयनीय स्थितिमा पुऱ्याउने काम गर्दछ। उद्योगीकरण वास्तवमा विकासको धुरी हो जसलाई अर्थतन्त्रको मापदण्ड पनि भन्न सकिन्छ।**

आर्थिक सन्दर्भमा विश्वका देशहरूलाई दुई भागमा विभाजित गर्न सकिन्छ । पहिलो श्रेणीमा ती देशहरू आउँछन् जो पूर्णरूपले आत्मनिर्भर छन् र दोस्रो श्रेणीमा ती देशहरू आउँछन् जो विकाससम्बन्धी आफ्नो आवश्यकताको लागि अन्य देशमाथि निर्भर रहन्छन् । एकातिर पहिलो श्रेणीका देशहरूमा ती समस्त सुविधा र साधनहरू उपलब्ध छन्, जसको सहायता लिई प्रत्येक क्षेत्रमा प्रगति गर्न सकिन्छ, त्यहीं अर्कोतर्फ दोस्रो श्रेणीका देशहरूमा अपेक्षित साधनको अनुपलब्धता वा उपलब्ध साधनहरूको सम्यक उपयोग र दोहन गर्ने परिस्थिति सहज छैन ।

विकसित देशहरूमा जनसङ्ख्याको समस्या छैन । त्यहाँ प्राकृतिक साधन प्रचुर मात्रामा उपलब्ध छन्। त्यहाँ पूर्ण रूपले उद्योगीकरण भइसकेको छ। त्यहाँ उन्नत किसिमको प्राविधिक ज्ञान उपलब्ध छ। प्रतिव्यक्ति आयको अवस्था सन्तोषजनक छ । राष्ट्रियताको भावना पनि उच्च छ र नागरिकलाई स्वतन्त्रताको महत्त्व थाहा छ। यी सबैथोकले सम्पन्न देशहरू विकसित देशको श्रेणीमा छन्।

त्यस्ता देश अविकसित वा विकाससील हुन् जहाँ उपर्युक्त परिस्थिति उपलब्ध हुँदैन अर्थात् जो उपनिवेशवादको शिकार भइरहेका छन्। जो औद्योगिक दृष्टिकोणले पिछडिएका छन् । जहाँ जनसङ्ख्या वृद्धिको समस्या छ र निर्धनताको साम्राज्य छ। जहाँ अज्ञान र अशिक्षाको साम्राज्य छ। जहाँ प्राविधिक ज्ञान र वैज्ञानिक उन्नतिको अभाव छ। जहाँ प्राकृतिक साधन जस्तै– खनिज, कोइला, पेट्रोलियम आदिको कमी छ वा छँदैछैन। जहाँ कृषिको स्थिति अत्यन्त दयनीय छ । जहाँको मानिसमा राष्ट्रियताको भावना विकसित भएको छैन । जहाँ वैदेशिक व्यापार विकसित छैन। विकासशील देशहरूलाई पनि दुई भागमा वर्गीकृत गर्न सकिन्छ। पहिलो मध्यम श्रेणीको अविकसित राष्ट्र र दोस्रो अल्प विकसित राष्ट्र ।

संयुक्त राज्य अमेरिका, ब्रिटेन, रूस, अस्ट्रेलिया, बेल्जियम, क्यानाडा, डेनमार्क, फ्रान्स, जर्मनी, न्युजील्यान्ड, नार्वे, स्वीडेन, स्वीटजरल्यान्ड र जापान जस्ता देशहरूको गन्ती विकसित राष्ट्रमा हुन्छ भने अर्जेन्टिना, अस्ट्रिया, चिली, क्युबा, चेकोस्लोवाकिया, हालैन्ड, हंगरी, आयरल्यान्ड, इजराइल, इटली, पोल्यान्ड, पुर्तगाल, स्पेन, दक्षिणी अफ्रिका, भेनेजुएला आदि मध्यम श्रेणीका विकासशील देशहरू छन् । यसैगरी दक्षिणी अफ्रिकालाई छोडेर अफ्रिका अन्य देशहरू, जापान र कुवैतलाई छोडेर एशियाका समस्त देशहरू, अल्बानिया, बुल्गारिया, ग्रीस, रोमानिया, बोलिभिया, ब्रजील, पश्चिमी द्वीप समूह, कोलम्बिया, कोस्टारिका, डोमिनकन गणतन्त्र इक्वेडोर, साल्वाडोर, ग्वाटेमाला, हैटी, मैक्सिको, निकारागुवा र पेराग्वेजस्ता देशहरूको गन्ती अल्प विकसित देशहरूमा हुन्छ ।

विकसित देशहरूमा रोजगारका साधन र अवसर पर्याप्त मात्रामा सदैव उपलब्ध हुन्छ तर विकासशील देशहरूमा बेरोजगारीको बोलबाला हुन्छ । यस्ता देशहरूमा रोजगारका अवसरहरू उत्पन्न गर्न रोजगारसम्बन्धी कार्यक्रमहरूलाई सफल बनाउन त्यहाँको सरकारले कैयन योजनाहरू लागू गर्छ। नेपालमा पञ्चवर्षीय योजनाहरू यसै उद्देश्य पूर्तिका लागि लागू गरिएको छ । नेपालमा यस योजनाको शुरूआत सन् १९५६, सेप्टेम्बर महीनादेखि गरिएको थियो । हुनत विकसित देशका सरकारले पनि रोजगारको योजना बनाउँछन् तर दुवै खाले देशका सरकार सामु समस्या बेग्लाबेग्लै किसिमको हुन्छ।

विकासशील देशहरूमा रोजगार प्राप्तिका लागि अन्य देशबाट मानिस आउँदैनन् र यदि आउँछन् भने उनीहरूलाई रोजगार हासिल गर्न धेरै समय लाग्दछ तर विकसित देशहरूमा विकासशील देशका मानिसहरू रोजगारको खोजीमा आउँछन् । यसरी रोजगारको खोजीमा आउने बढीजसो श्रमिक वर्गका मानिसहरू नै हुन्छन् । विकसित देशहरूमा बसोवास गर्ने मानिसहरूको अवलोकन गर्दा अधिकांश परिश्रमी मानिसहरू विकासशील देशका निवासीहरू नै फेला पर्छन् । यस कारण विकसित देशका सरकारहरूको चाहना नहुँदाहुँदै रोजगारको खोजमा आउने नागरिकहरूलाई रोकिरहेका हुँदैनन्। विदेशी श्रमिकहरूको बढ्दो सङ्ख्याका कारण विकसित देशहरूमा पनि अब नागरिकताको समस्या उत्पन्न हुन थालेको छ ।

सन् १९४७ मा National Advisory Council ले अमेरिका, रूस, जर्मनी र फ्रान्सको प्रतिव्यक्ति औसत आय निकाल्दा त्यो १९०० रुपियाँको करीब थियो । यसै सन्दर्भमा भारत, पाकिस्तान, चीन, नेपाल आदि देशहरूको प्रतिव्यक्ति आय आधी भन्दा पनि धेरै कम थियो । पुनः सन् १९४९ मा संयुक्त राष्ट्रसङ्घले ६० देशको आयको सर्वेक्षण गराउँदा विश्वका लगभग दुई–तिहाई देशको जनसङ्ख्याको कुल आयको १/६ भागभन्दा पनि कम थियो । कम आय हुनै यस्तै देशहरूलाई विकासशील देश भनिन्छ किनभने त्यहाँ प्रतिव्यक्ति आय–उत्पादन अपेक्षाकृत कम हुन्छ अर्थात् गरीबीको सीमा स्पर्श गरेको हुन्छ । निम्न स्तरको आय भएका मानिसहरू नै स्वदेश छाडेर विदेश पलायन हुन बाध्य हुन्छन्। यहाँ बौद्धिक वर्ग जस्तै डाक्टर, इन्जिनीयर, शिक्षकतर्फ सङ्केत गर्न खोजिएको छ। यस वर्गका मानिसहरू विकसित देशमा भरपर्दो आयको माध्यम उपलब्ध भएपछि विदेशमा जागीर वा व्यवसाय गर्न पलायन हुन्छन् । यसरी विकासोन्मुख देश आफ्नो प्रबुद्ध नागरिकलाई गुमाइरहेका हुन्छन् अर्थात् त्यहाँ 'ब्रेन ड्रेन'को समस्या सदैव रहिरहन्छ।

अल्प विकसित र विकासोन्मुख देशमा जनसङ्ख्या वृद्धि, आर्थिक पछौटेपन र बेरोजगारीको समस्या स्थायी रूपले विद्यमान हुनुका साथै त्यहाँ आर्थिक विकासका लागि प्रेरणा दिने वित्तीय साधनको अभाव हुन्छ । अल्पविकसित देशहरूमा दोहोरो अर्थ व्यवस्थाले कार्य गर्दछ । अर्थात् शहर वा सदरमुकाममा सबै साधन र स्रोत उपलब्ध हुन्छ तर गाउँमा तिनै कुराहरूको अभाव हुन्छ । यस कारण विकासोन्मुख देशहरूलाई आफ्नो आर्थिक विकास गर्नको लागि बाह्य र आन्तरिक दुवै प्रकारको साधन गतिशील बनाउनु आवश्यक रहेको छ । विकासको बाटोमा कैयौं तत्त्वले बाधा उत्पन्न गर्ने काम गर्दछ । जसमा आन्तरिक कलह, असन्तुलित शिक्षा, आर्थिक असन्तोष, मुद्रास्फीति र अस्वस्थ वातावरण प्रमुख हुन् ।

आज वैज्ञानिक प्रगति, औद्योगिक उन्नति र यातायातको साधनहरूको प्रचुर तालै विश्वका राष्ट्रहरू एकअर्काको नजीक आएका छन्। सँगसँगै पारस्परिक सहयोग आवश्यक बन्दै गएको छ। संयुक्त राष्ट्रसङ्घको तत्त्वावधानमा र स्वतन्त्र व्यक्तिगत स्तरमा पनि विकसित राष्ट्रहरू विकासशील राष्ट्रहरूलाई विकासोन्मुख बनाउनका लागि आर्थिक र प्राविधिक सहयोग गरिरहेका छन्। व्यापार, उद्योग, बेरोजगारीको क्षेत्रमा पारस्परिक सहयोग आज विश्वस्तरीय आर्थिक नीति र परियोजनाको एक आवश्यक अङ्ग नै बनेको छ । यस प्रकारको सहयोग र सहायता पछाडि राजनीतिक उद्देश्य पनि हुन्छ, जस कारण आर्थिक सहायताको अनुपातमा आर्थिक विकास हुन पाउँदैन । यदि विशुद्ध मानवीय दृष्टिले आर्थिक सहायता प्रदान गरिन्छ भने विश्वको स्वरूप नै बेग्लै हुन्छ र विकासशील देशहरूको प्रगति पनि छिटोछिटो हुन थाल्छ। विश्व समाजमा अशान्तिको मूल र सर्वाधिक महत्त्वपूर्ण कारण आर्थिक विषमता नै हो ।

प्रत्येक देशले अन्तर्राष्ट्रिय वा विश्व व्यापारलाई प्रभावित गर्दछ । विकसित राष्ट्रहरूले अन्तर्राष्ट्रिय व्यापारलाई सबैभन्दा बढी प्रभावित गर्ने तथ्यलाई सबैले स्वीकार गर्छन् । वास्तवमा विश्व व्यापारको साँचो विकसित देशहरूको हातमा हुन्छ । विकसित राष्ट्रहरूले अविकसित र विकासशील राष्ट्रहरूलाई आफ्नो 'बजार'को रूपमा हेर्छन् । उनीहरू विकासशील देशबाट सस्तोमा कच्चा माल खरीद गर्छन् र तयार सामग्री निर्माण गरि त्यहीं पठाउँछन्। यस सँगसँगै आर्थिक सहायता, सैन्य सामग्री सहायता, प्राविधिक सहायता आदि कार्य पनि सम्पादन भइरहन्छ । यद्यपि विकसित देश विकासशील देशलाई थोरै सहायता सामग्री दिन्छन् र त्यहाँबाट मनपरि पूँजी कमाउँछन्। नेपाल विकसित देशहरूसँग अर्बौंको सामान खरीद गर्छ। प्राविधिक सहयोगको नाममा विदेशी विशेषज्ञहरूलाई लाखौं रुपियाँ तलबको रूपमा दिन्छ। यी विशेषज्ञहरूले देशमा राजनीतिक चलखेल गर्ने काम पनि गर्छन्। यसरी विकसित देश अझ विकसित हुँदै जान्छ र विकासशील देश आफ्नो विकासको लागि सदैव परनिर्भर बनिरहन्छ।

यसबाहेक विकसित राष्ट्रहरूका बहुराष्ट्रिय कम्पनीहरू, विकासशील देशहरूलाई विकासोन्मुख बनाउने नाउँमा त्यहाँ पूँजी निवेश गर्छन् र त्यहाँको आर्थिक र प्राकृतिक दोहन गर्छन् । यिनीहरूले पूँजी विनियोजनको शर्त यस प्रकार राखेका हुन्छन्, जसको निहुँमा विकासशील देशहरूको आर्थिक शोषण भइरहन्छ। उदाहरणको लागि यहाँ मात्र के निवेदन गर्न चाहन्छु भने विकासशीलताको नाउँमा पाउन्ड र डालरको सन्दर्भमा हाम्रो मुद्राको निरन्तर अवमूल्यन भइरहेको छ। बढी उत्पादन, बचत र पूँजी विनियोजनमा सन्तुलन, पर्याप्त पूँजी निर्माण र प्रतिव्यक्ति अधिकतम आय आदि तत्त्वहरूको आँखीझ्यालबाट विकसित देशहरूको रूप हेर्न सकिन्छ ।

विकासको लागि आन्तरिक साधनमाथि बढी निर्भर हुनुपर्छ । बाह्य साधनमाथिको निर्भरताले देशलाई दयनीय स्थितिमा पुऱ्याउने काम गर्दछ । उद्योगीकरण वास्तवमा विकासको धुरी हो जसलाई अर्थतन्त्रको मापदण्ड पनि भन्न सकिन्छ । औद्योगिक विकासले राजनीतिक सम्बन्धको स्वरूपलाई निर्धारण गर्छ। देश यदि अविकसित छ भने त्यहाँका बासिन्दाको गरीबी अभिशाप बन्छ र नैतिक स्तरमा गिरावट देखापर्छ भने देशको प्रगति दिवास्वप्न बन्न जान्छ। कुनै पनि देशको सम्यक विकासका लागि आन्तरिक सन्तोष आवश्यक हुन्छ साथै राष्ट्रिय भावना र छिमेकीसँग सुमधुर मैत्रीपूर्ण सम्बन्ध आवश्यक हुन्छ ।

## तिब्बतको घाउ कोट्याउनु निरर्थक

पाठक प्रतिक्रिया

२ गते प्रतीकमा श्रीमन्नारायणको लेख 'ओझेलमा नेपाल–चीन सम्बन्ध, र विश्वराज अधिकारीको लेख 'आर्थिक विकासप्रति हाम्रो धारणा के सही छ ?' दुवै पढें। आज दुवैको एकै साथ प्रतिक्रिया लेख्न मन लाग्यो। जहाँसम्म श्रीमन्नारायणको प्रश्न छ, उनले तिब्बतको घाउ एकचोटि फेरि कोट्याउने प्रयास गरेका छन् । तर उनको यस प्रयासले केही फरक पर्नेछैन। फरक पर्ने त केवल स्वयम् तिब्बतीको सङ्घर्ष र त्यसमा दुनियाँको समर्थनले । तिब्बत यति अहिंसक छ कि चीनले उसलाई पूरा नसके आधा त पचाइ नै सकेको छ । भारत र अमेरिका जब स्वयम् एक चीन नीतिमा छन् भने हाम्रो लेखनको केही मतलब छैन। भारत चुप लाग्छ किनकि ऊसँग सिक्किम छ । चीन र भारत यसरी एउटै ड्याङका मूला हुन् । अमेरिका आफ्नो व्यापार र अन्य लाभको लागि चुप लाग्छ। अब त चीन अमेरिकाभन्दा पनि बलियो बनेको छ । यस्तोमा के दुर्बुद्धि पलाएर नेपाल–तिब्बत सम्बन्धको खोजी गर्ने ? समरथ के नहीं दोष गुसाईं। भृकुटी अब तिब्बतकी होइल चीनकी नागरिक भइसकिन् !

विश्वराज अधिकारीले ठीक विषय उठाएका छन्। आखिर पैसा त व्यक्तिले नै कमाउनुपर्छ। त्यसको करले सरकार चल्छ । तर उसको कर्ताको भाव राजतन्त्रले जागृत हुन दिएन। राजतन्त्र त पश्चिममा पनि थियो र पूर्वीय राजतन्त्रभन्दा बढी नै क्रूर। त्यहाँ किन लेखकले भने अनुसार काम भयो ? मेरो विचारमा यो समयको खेल हो । पश्चिमाहरूले ५०० वर्षअघि राजतन्त्रविरुद्ध लडे तर दक्षिण एशियामा अहिले अर्द्धशताब्दी मात्र भएको छ । नेपालमा त भर्खरको कुरा हो। भूटानमा अहिले पनि पुरानै प्रकारको आततायी राजतन्त्र छ, जसको भुक्तभोगी एक लाख नेपाली पनि बनेका छन्। यस्तोमा जनताले के कमाउने, के कर दिने र आफूलाई कर्ता बुझ्ने ? स्थानीयतामा पनि सामूहिकताकै भाव हुन्छ। स्थानीय समूह एक ढिक्का छैन, एकअर्काको बैरी छ। सरकारले एउटालाई काखी च्यापेर अर्कोविरुद्ध भिडाउने खेल खेल्छ । यस हालतमा लेखकले भनेजस्तो भावना विकसित हुँदै हुँदैन । लेख रुचिकर छ तर श्रीमन्नारायणले भने अनुसार दक्षिण एशियामा एकता होइन, एकरूपता नै देखिन्छ। यो एकरूपता चीनको सन्दर्भमा मात्र सही छैन, हाम्रोमा पनि यही छ । नेपालमा त भर्खर राजतन्त्र गएपछि एकताको अभ्यास हुँदैछ। भारतमा मोदी पनि त्यही एकरूपता कायम गर्न लागेका छन् । पाकिस्तान र बङ्गलादेशको के कुरा गर्ने ? हिन्दू मारेर एकरूपता कायम गरिरहेका छन्। इति !

**डा शिवशङ्कर यादव**, छपकैया, वीरगंज

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# मन्त्री खतिवडाद्वारा खोप कार्यक्रमको शुभारम्भ

काठमाडौं, ४ पुस/रासस

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री विरोध खतिवडाले विद्यालयमैं खोप केन्द्र राखेर विद्यार्थीलाई कोरोनाविरुद्धको खोप लगाउने कार्यक्रमको शुभारम्भ गरेका छन् ।

हेटौंडा उपमहानगरपालिकास्थित भुटनदेवी माध्यमिक विद्यालयको खोप केन्द्रबाट विद्यार्थीलाई खोप लगाउने कार्यक्रमको औपचारिक शुभारम्भ गरेका हुन् । उक्त विद्यालय मन्त्री खतिवडा आफैंले अध्ययन गरेको विद्यालय हो । स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री खतिवडाले खोप अभियानबाट कोही पनि नेपाली वञ्चित हुनुनपर्ने बताएको मन्त्रीका प्रेस सल्लाहकार सन्तराम बिडारीले जानकारी दिए ।

उनले सबै बालबालिकालाई खोप नलगाएसम्म निरन्तररूपमा यो अभियान जारी रहने बताए । अधिकांश जिल्लामा खोपको व्यवस्था मिलाइएकाले स्थानीय तहमा नगरप्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत र विभिन्न दलका नेताले अभियानको सुरुआत गरेको जनाइएको छ ।

सरकारले आजदेखि सातवटै प्रदेशका ५७ जिल्लामा १२ देखि १७ वर्ष उमेर समूहका बालबालिकालाई कोभिडविरुद्धको मोडर्ना खोप दिन शुरू गरेको हो । तीन प्रदेशका आठ जिल्लामा भने यही पुस १३ देखि २२ गतेसम्म फाइजर खोप अभियान चलाइने भएको छ । ती आठ जिल्लामा वाग्मती प्रदेशका काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रे, सिन्धुली र चितवन गरी छ जिल्ला तथा सुदूरपश्चिमको डडेल्धुरा र कर्णाली प्रदेशको सुर्खेत रहेको छ ।

मन्त्रालयले पुस १३ देखि २२ गतेसम्म पहिलो मात्रा र आगामी माघ ४ देखि १३ गतेसम्म दोस्रो मात्रा खोप लगाउने गरी कार्यतालिका सार्वजनिक गरेको छ । विद्यालयलाई खोप केन्द्र बनाउने सन्दर्भमा भने जिल्लास्तरीय प्रमुख जिल्ला अधिकारी र स्थानीय सरकार प्रमुख रहेको समितिले निर्धारण गरेको छ । धेरै विद्यार्थी भएको विद्यालयमा सोही विद्यालयमा र कम विद्यार्थी भए दुई/तीन विद्यालय मिलाएर कुनै एउटा विद्यालयमा खोप लगाइने तय गरिएको हो ।




जिल्लास्थित स्वास्थ्य कार्यालयको समन्वयमा स्थानीय तहले विद्यालयमा अभियान शुरू गरेको हो । पहाडी र दुर्गम जिल्लामा सय विद्यार्थी भएपछि खोप केन्द्र मानिएको छ भने तराई र शहरी ठाउँमा २०० विद्यार्थीलाई एक खोप केन्द्र मानिएको छ ।

# मतदाता परिचयपत्र बनाउन सास्ती

प्रस, निजगढ, ४ पुस/

निर्वाचन आयोगको कार्यालयले फोटोसहितको मतदाता परिचयपत्र बनाउन एक स्थानीय तहको एक मात्रै स्थानमा तोकिदिएसँगै स्थानीयलाई सास्ती भएको छ ।

निजगढ नगरपालिकाको निजगढमा मात्रै मतदाता परिचयपत्र बनाउन थालेसँगै सोही नगरको डमरपुर, भक्तलाल, कुलिया, रामथली, थली, बारथली, बुङ्जोर, लाल, रतनपुरी र सिंगौलका स्थानीयहरूलाई सास्ती भएको हो । मतदाता परिचयपत्र बनाउन रतनपुरीका स्थानीयहरूले प्रतिव्यक्ति तीन सयदेखि पाँच सय रुपैयाँसम्म खर्च हुने स्थानीयहरूले गुनासो पोखे ।




डमरपुरबाट निजगढसम्म आउन–जान दुई सयदेखि तीन सय रुपैयाँ अटोभाडामा खर्च हुने र दिनभर लाइनमा बस्दा र खाजा खाँदा चार/पाँच सय रुपैयाँसम्म खर्च हुने उनीहरूले बताए । कहिले दिनभर लाइनमा बसे पनि पालो नआउँदा भोलि पनि आउनुपर्ने समस्याले एकातिर समयको र अर्कोतिर आर्थिक व्यय बढेको उनीहरूको दुःखेसो छ ।

निजगढ नगरको रतनपुरीका लागि डमरपुर, भक्तलाल, कुलिया, रामथली, थली, बारथली, बुङ्जोर, लाल, रतनपुरका जनताका लागि रतनपुरमा प्राविधिक टोली राखी मतदाता परिचयपत्र बनाउनुपर्ने व्यवस्था मिलाउनुपर्ने डमरपुरका स्थानीय युवा समाजसेवी तिलक घलानको भनाइ छ । यसरी जनताको समयको बचत र आर्थिक व्यय कम हुने उनले बताए ।

“दिनभर लाइनमा बस्यो । रात पर्छ । त्यसै कामको लागि पुनः भोलि आउनुपर्छ,” उनले भने ।

यता निजगढ नगरभित्रका नागरिकको हितका लागि निजगढ नगरपालिकाले रतनपुरी, सिंगौल र निजगढमा टोली खटाउन आग्रह गरे पनि सोको व्यवस्था हुन नसकेको निजगढ नपाका सूचना अधिकारी रविन घिमिरेले बताए । निजगढ नपामा मतदाता सङ्ख्यासमेत बढी भएकोले मतदाता परिचयपत्र भर्ने समय थप गरिदिन सम्बन्धित निकायमा पत्राचारसमेत गरिसके पनि यकीन जानकारी नआएको उनले बताए ।

देशभर नै सबै स्थानीय तह गाउँपालिका, नगरपालिकाहरूमा पन्ध्र दिनभित्र मतदाता परिचयपत्रका लागि स्वयम् उपस्थित भई फाराम भर्नुपर्ने गरी तोकिएको समयावधि यही पुस २ गते सकिएको बाराका जिल्ला निर्वाचन अधिकारी सरोज चौधरीले जानकारी दिए ।

“हामीले केन्द्रको निर्देशन अनुसार नै स्थान र समयावधि तोकिदिएका हौं । छुटेका, उमेर पुगेका नागरिकहरूले आवश्यक प्रक्रिया पूरा गरी इलाका प्रशासन कार्यालय, जिल्ला निर्वाचन कार्यालयमा नै आई फोटोसहितको मतदाता परिचयपत्र भर्नुपर्छ,” निर्वाचन अधिकारी चौधरीले भने ।

भौगोलिक हिसाबले पनि रतनपुरीका नागरिकलाई निजगढसम्म आउन कम्तीमा १०–२० किलोमिटर टाढा पर्दछ भने, सिंगौलका नागरिकलाई निजगढ आउन १०–१५ किलोमिटर जङ्गलको बाटो हुँदै आउनुपर्छ ।

# प्रकृति र संस्कृतिको अनुपम गन्तव्य मेघौली

मेघौली (चितवन), ४ पुस/रासस

विश्वसम्पदा सूचीमा सूचीकृत चितवन राष्ट्रिय निकुञ्ज र राप्ती तथा नारायणी नदी घेरिएको सुन्दर टापु हो, मेघौली । नेपालमा नै सर्वप्रथम जङ्गल सफारीको सुरुआत गर्ने टाइगर टप्स जङ्गल लजको प्रवेशद्वार यो टापु प्रकृति र संस्कृतिको उत्कृष्ट गन्तव्य बनेको छ ।

यहाँको प्रकृति र संस्कृतिका विविध छठाको प्रत्यक्ष अवलोकन गर्न देशविदेशबाट पर्यटक आउँछन् । पर्यटकको आगमनलाई लक्षित गरी यस क्षेत्रमा विभिन्न सुविधासम्पन्न होटेलका साथै थारू सामुदायिक घरबास (होमस्टे) सञ्चालनमा आइसकेको छ । कोरोना महामारीका कारण यहाँको पर्यटनमा असर पारे पनि पछिल्ला दिनमा आन्तरिक पर्यटकको बढ्दो आगमनले आफूहरूलाई उत्साहित बनाएको यहाँका पर्यटन व्यवसायी बताउँछन् ।

यहाँस्थित थारू सामुदायिक होमस्टे थारू संस्कार र संस्कृतिको जीवन्त सङ्ग्रहालय बनेको छ । यहाँ आउने पर्यटकले थारू संस्कृतिमा खाइने चिचर, घोंगी, हाँसको मासु आदि खान पाउँछन् भने परम्परागत लट्ठी नाच (स्टिक डान्स), झमटा नाच, झुमरा नाच, डम्फु नाच आदि मौलिक नृत्य औधी मन पराउँछन् । नाच प्रस्तुत गर्नुभन्दा पहिले देखाउन खोजेको नाचबारे आगन्तुक पाहुनालाई जानकारी गराउने प्रचलन यहाँको विशिष्टता हो ।

आधुनिकताका नाममा ठाउँठाउँमा परम्परागत नृत्य हराउँदै गएको अवस्थामा यहाँका युवा पुस्ता आफ्नो मौलिकताले युक्त थारू नृत्यलाई निरन्तरता दिएको थारू सामुदायिक होमस्टेका सञ्चालक वेदकुमार महतोले जानकारी दिए ।

परम्परागत पोशाकमा परम्परागत बाजाका साथ देखाइने नाचलाई पर्यटकले निकै रुचाउने गरेको उनले बताए । चितवनको भरतपुर चौबीसबोठीदेखि २५ किलोमिटर पश्चिममा रहेको यस ठाउँमा स्वदेशी र विदेशी पर्यटक जङ्गल सफारीका लागि आउने गर्दछन् । जङ्गल सफारीका क्रममा पर्यटकले दुर्लभ एकसिङ्गे गैंडा, बाघ, घडियाल, गोहीजस्ता जनावर, चराचुरुङ्गी आदिको अवलोकन गर्न पाउँछन् ।

दुर्लभ बाघ, गैंडा तथा चराचुरुङ्गी, राइनो पार्क, असहाय वन्यजन्तु केन्द्र, थारू सांस्कृतिक सङ्ग्रहालय, प्याराजम्पिङ, पहाडी तथा आदिवासी संस्कृति, निकुञ्जमा हात्ती सयर, डुङ्गा सयर, मचान स्टे, जङ्गल वाक, जीप सफारी आदि मेघौलीको विशिष्टता भएको महतोको भनाइ छ । हात्ती सफारी, डुङ्गा सफारी, जङ्गल वाक, भिलेज वाक, वाइल्ड लाइफसम्बन्धी विविध विषयमा जानकारी पाउनुका साथै थारू डान्स हेर्न, चरा अवलोकन गर्ने आकर्षक गन्तव्यका रूपमा मेघौली विकास हुँदै गएको उनले बताए ।



चितवनको भरतपुर नगरपालिका–२७ स्थित थारू सामुदायिक होमस्टे मेघौलीमा परम्परागत थारू नृत्य देखाउँदै कलाकार । तस्वीरः रासस

होमस्टेमा प्रवेश गर्नासाथ मौलिक भेषभूषासहित फूल र टीका लिएर सजिएका थारू युवतीले पर्यटकलाई स्वागत गर्ने गर्दछन् । संस्कारी थारू समुदायका व्यक्तिको स्वागत सत्कारले पर्यटकलाई मख्ख बनाउने गरेको छ । स्वागतपश्चात् होमस्टेमा भित्रिएसँगै हाँसको मासु, चिचर, घोंगी, माछा, निउरो, नुन–खुर्सानीको अचार, गुन्द्रुक आदि परिकारको स्वाद र साँझमा देखाइने मौलिक नाचले मेघौलीको पर्यटकीय पहिचानलाई अझै उँचो बनाएको छ ।

पर्यटकीय चहलपहलसँगै स्थानीय उत्पादन स्थानीय माछा, कुखुरा, हाँस, घोंगी आदिको व्यापारसमेत बढ्दा यसको व्यापार गर्ने पनि हर्षित बनेका छन् । भरतपुर प्रकृति र संस्कृति दुवै दृष्टिले महत्त्वपूर्ण पर्यटकीय गन्तव्यका रूपमा स्थापित बन्दै गएको भरतपुर महानगरपालिकाका प्रमुख रेणु दाहालले बताइन् । पर्यटकीय पूर्वाधार विकासका लागि महानगरपालिकाले चासो दिएको बताउँदै उनले स्थानीय जागरूकताले आफूहरूलाई अझै उत्साहित बनाएको धारणा राखिन् ।

“भरतपुरसँग पर्यटकीय साझेदारीका लागि पोखरा र लुम्बिनीलाई जोड्दै ‘स्वर्ण त्रिकोण’को अवधारणाका साथ प्रवर्द्धन गर्न लागिएको छ,” उनले भनिन्, “पर्यटकीय साझेदारीले यी तीनै स्थलको पर्यटकीय विकासमा महत्त्वपूर्ण सहयोग पुग्ने हाम्रो विश्वास छ ।”

पोखरा, भरतपुर र लुम्बिनी प्राकृतिक, धार्मिक एवं सांस्कृतिक सबै दृष्टिबाट एकापसमा अन्तरसम्बन्धित जस्तै रहेको बताउने नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख काशीराज भण्डारीले यी तीनवटै स्थललाई जोडेर स्वर्ण त्रिकोणको अवधारणाका साथ प्रवर्द्धन गर्न लागिएको जानकारी दिए ।



चितवनको भरतपुर नगरपालिका–२७ स्थित थारू सामुदायिक होमस्टे मेघौलीमा परम्परागत थारू नृत्य देखाउँदै कलाकार । तस्वीरः रासस

“प्रवर्द्धनकै प्रयासस्वरूप बोर्डका प्रतिनिधि, पर्यटन व्यवसायी, सञ्चारकर्मीसहित शुक्रवारदेखि चार दिवसीय प्रवर्द्धनात्मक भ्रमण आयोजना गरिएको छ,” उनले भने, “भ्रमणका क्रममा यहाँका पर्यटकीय गन्तव्यको स्थलगत अवलोकनसँगै यहाँका सम्भावना र चुनौतीलगायतका विषयमा सरोकारवालासँग छलफल एवं अन्तर्क्रिया गरिनेछ ।”







योमरी पूर्णिमाको दिन आइतवार विभिन्न बाजासहित निकालिएको र्‍यालीमा सहभागी महिलाहरू । तस्वीरः रासस

# आफ्नो भन्या आफ्नै हुन्छन्

निर्दलीय र बहुदलीय व्यवस्थामा समेत पटक-पटक प्रधानमन्त्री बन्ने हस्तीका नाम सूर्यबहादुर र लोकेन्द्रबहादुर हुन् । २०४६ सालको राजनीतिक परिवर्तनपछि २०४७ सालमा राजनीतिक उद्देश्यका साथ यिनले राष्ट्रिय प्रजातन्त्र पार्टी गठन गरे । तर राप्रपा गठन भएको केही वर्षमैं तितरबितर हुन थाल्यो । कसैले गाई लिएर हिंड्यो, कसैले हलो बोकेर हिंडे । राष्ट्रिय प्रजातन्त्र पार्टीलाई बहुदलीय समर्थकहरू अझै पनि राजावादी दल भन्छन् । त्यसै पनि नेपालमा अझै प्रजातन्त्र, साम्यवादी र राजतन्त्रबीच नोकझोंक चलिरहन्छ । पूर्वमहापञ्चहरूको राप्रपा हेर्दाहेर्दै बालुवाको महलसरह भयो । त्यतिखेर पञ्चहरूलाई उदारवादी र अनुदारवादी दुई श्रेणीमा वर्गीकरण गरिन्थ्यो ।



मन्तव्य

कुमार रुपाखेती

**सङ्घर्षको अर्को नाम राजनीति हो । सङ्घर्षकै बलमा पर्सा जिल्ला कहिले पञ्चहरूको गढ, काङ्ग्रेसी गढ, मधेसवादीको गढ बन्दै गयो । होस्टेमा हैंसे गर्दै छरिएर रहेका राजावादीहरूलाई एउटै थलोमा ल्याउने, बिरक्तिएका पूर्वजहरूलाई भित्र्याउने काममा पर्सा राप्रपाले सक्रियता बढाउने हो भने आफ्नो गुमेको प्रतिष्ठा हासिल गर्न धेरै कुर्नुपर्दैन ।**

सुविधाभोगी, शक्तिशाली महापञ्चहरूको राप्रपामा लामो समयपछि नेतृत्व परिवर्तन भएको छ । धेरैले नामै नसुकेका शक्तिहीन र सर्वहारा स्तरका व्यक्ति नेतृत्वमा पुगेका छन् । जस्तोसुकै व्यक्ति नेतृत्वमा आए पनि राप्रपाको जग निकै कमजोर भइसकेको छ । त्यसैले होला सूर्यबहादुर थापाका छोरा सुनील थापा काङ्ग्रेसमा विलीन भए । तर पनि राप्रपालाई उकास्न लोकेन्द्रबहादुर चन्द, पशुपति शम्शेर, प्रकाशचन्द्र लोहनीहरू प्रयत्नशील देखिन्छन् । अध्यक्ष पदमा पराजित कमल थापाले बर्दास्तको टयाबलेट खान जरुरी देखिन्छ । जतिसुकै विरहका गीत गाए पनि यो एकपटकको अवसर उनको हातबाट गुमेको छ । थोरबहुत भएपनि राप्रपाको बीउ जोगाइराख्न कमल थापाको योगदानलाई नकार्न सकिंदैन । अनि पराजयको भारी अरूको थाप्लोमा बिसाउने नेपाली राजनीतिक परम्परा नै हो ।

हाम्रो पर्सा जिल्लाको कुरा गरौं । २०३७ सालको जनमत सङ्ग्रहमा पर्सामा सुधारिएको पञ्चायत अर्थात् पहेंलोले जितेको थियो । पहेंलोको त्यो जीत पर्सामा अहिले 'रात गई, बात गई' भइसकेको छ । सुखद र उज्ज्वल भविष्यको खोजीमा उतिबेलाका थुप्रै कथित पर्सेली राजावादी पञ्चहरूले खेमा परिवर्तन गरे । पर्सामा बहुदल आगमनपछि समेत संसद्मा जित्ने राप्रपाका हस्ती राजीव पराजुली हुन् भने राप्रपाबाट नगरप्रमुखमा जित्ने अर्का हस्ती विमल श्रीवास्तव हुन् । सांसद र मन्त्री भएपछि पराजुलीले सानो अवधिमा नाम र दाम कमाए । तर राप्रपालाई पर्सामा यिनले उकास्न सकेनन् । राप्रपामा तलबितल परेपछि विमल श्रीवास्तवले यो पार्टी त्यागे । अहिले पनि श्रीवास्तव पर्साका कद्दावर र ताकतवर नेता मानिन्छन् तर यिनको राजनीतिक आसन स्थिर देखिंदैन । राजीव पराजुलीसँग पुराना राजावादी धेरै छन् भने श्रीवास्तव केही पुराना र केही नयाँको सम्पर्कमा छन् । तर पर्साका धरोहर मानिने यी दुई हस्ती एउटा राप्रपा र अर्का अर्कै दलमा आबद्ध छन् । समयचक्रले यिनीहरू लाखापाखा लागेपछि पर्सामा राप्रपा तितरबितर भएको देखिन्छ । राप्रपाको निष्क्रियतापछि पर्सामा स्वस्फूर्त राजावादीहरू पूर्वराजारानीको जन्मदिन आदिमा राष्ट्रिय झन्डासहित खेमा-खेमामा वीरगंजमा जुलुस निकालिरहेका देखिन्छन् । जनक साह र अन्यहरू अहिले पर्सामा राजावादीको नाममा सक्रिय देखिन्छन् । तर राष्ट्रिय प्रजातन्त्र पार्टीसँग यिनको कुनै सम्बन्ध र लेनादेना देखिंदैन । राजावादी भनेर पर्सामा चिनिने जनक साहहरू एकदमै विपन्न परिवारका मानिन्छन् । यिनका जस्तै अरू समूह पनि यदाकदा राजतन्त्र जिन्दाबाद भन्दै वीरगंजका सडकमा कराइरहेका देखिन्छन् । स्वस्फूर्तरूपमा राजावादी भएका यस्ता समूहहरूसँग छलफल गर्नसमेत राप्रपा पर्साले कन्जुस्याइँ गरेको देखिन्छ । खुम्चिएर बसे पनि पूर्वराजावादीहरू पर्सामा काङ्ग्रेस, कम्युनिस्टमा प्रवेश गरेका देखिंदैनन् । भनिन्छ, पर्सा जिल्लामा राप्रपाको बिंडो थामेर बसेका राजीव पराजुलीमा अझै नेताको होइन कार्यकर्ताकै गुण देखिन्छ रे । नजाने यिनी कहिले नेता बन्ने हुन् । एकताका पर्सामा चन्द्रदेव चौधरी, गोखुल कुर्मी, फजिल खलिफा, विमल श्रीवास्तव, राजीव पराजुली, प्रदीप सुवेदी, हरिशङ्कर सिंह आदिलाई पर्सा राप्रपाका हस्ती मानिन्थ्यो । यीमध्ये केही बिते केही निष्क्रिय भए, केही यताउता लागे ।

सङ्घर्षको अर्को नाम राजनीति हो । सङ्घर्षकै बलमा पर्सा जिल्ला कहिले पञ्चहरूको गढ, काङ्ग्रेसी गढ, मधेसवादीको गढ बन्दै गयो । होस्टेमा हैंसे गर्दै छरिएर रहेका राजावादीहरूलाई एउटै थलोमा ल्याउने, बिरक्तिएका पूर्वजहरूलाई भित्र्याउने काममा पर्सा राप्रपाले सक्रियता बढाउने हो भने आफ्नो गुमेको प्रतिष्ठा हासिल गर्न धेरै कुर्नुपर्दैन । आफ्नो भन्या आफ्नै हुन्छन् ।

# बिजुलीको मागमा गुणात्मक वृद्धि, आगामी असारसम्म दुई हजार मेगावाट पुग्ने

काठमाडौं, ४ पुस/रासस

प्रभावकारी नीति, व्यावहारिक कार्ययोजनालगायत कारणले आन्तरिक बजारमा विद्युत्को माग उल्लेखनीयरूपमा वृद्धि भएको छ । हरेक वर्ष औसतमा २० प्रतिशतका दरले विद्युत्को माग बढेको पाइएको छ ।

विद्युत् खपत बढाउनका लागि चालिएका कदम र जाडो बढेसँगै विद्युत्को आन्तरिक माग ह्वात्तै बढेको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ । प्राधिकरणले उपलब्ध गराएको तथ्याङ्क अनुसार गत वर्षको तुलनामा यस वर्षको विद्युत्को उच्च माग (पिक डिमान्ड) ३०० मेगावाटको हाराहारीमा बढेको छ । सातादेखि नै देशकै ठूलो सिमेन्ट उद्योग होङ्शीलाई ३० मेगावाट विद्युत् उपलब्ध गराएको छ । चिनियाँ लगानीको अर्को हुवासिन सिमेन्ट उद्योगले पनि २० मेगावाट बिजुली जोडेको छ ।

विद्युत्को माग क्षमता (मेगावाट) र ऊर्जा (युनिट) दुवै बढिरहेको छ । उदाहरणका मङ्सिर २७ गते प्रणालीमा विद्युत्को उच्च माग एक हजार ५३९ मेगावाट थियो । गत वर्षको सोही दिनको माग एक हजार २१७ मेगावाटको थियो । गत वर्षको तुलनामा यो ३२२ मेगावाट बढी हो । यस आधारमा विद्युत्को पिक डिमान्ड गत वर्षको सोही दिनको तुलनामा २६.५ प्रतिशतले वृद्धि भएको छ । गत



प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ । तस्वीरः फाइल




आन्तरिकरूपमा उत्पादन भएको विद्युत् खपत गर्न नसकी खेर जाने अवस्था आएपछि खपत बढाउन विद्युतीय उपकरणको प्रयोग बढाउने र उद्योगलाई चाहिएजति विद्युत् उपलब्ध गराउने नीति लिई सोही अनुसार काम भइरहेको छ ।

विद्युतीय चुलो, एयर कन्डिशनलगायत विद्युत्बाट चल्ने घरायसी सामानको प्रयोगमा वृद्धि भएको पाइएको छ । सरकारीस्तरबाट चार्जिङ स्टेशन निर्माणको प्रक्रिया अगाडि नबढेको भएपनि निजी क्षेत्रले आफ्नै पहलमा चार्जिङ स्टेशन निर्माण गरिरहेका छन् । त्यसले विद्युत्बाट सञ्चालन हुने यातायातका साधनको वृद्धि भएको छ ।

ठूला उद्योगलाई माग अनुसारको बिजुली उपलब्ध गराइएको छ । उद्योगले पर्याप्त विद्युत् पाएका कारण उत्पादन क्षमतामा वृद्धि भएको छ । त्यसबाट दैनिकरूपमा खपत बढिरहेको छ । प्राधिकरणले कात्तिकको अन्तिम मङ्सिर २७ गतेको प्रणालीको पिक डिमान्ड पूर्तिका लागि प्राधिकरणका विद्युत्गृहबाट ५४० मेगावाट, प्राधिकरणका सहायक कम्पनीका विद्युत्गृहबाट ५२९ मेगावाट, निजी क्षेत्रका विद्युत्गृहबाट ४२५ मेगावाट र भारतबाट २५ मेगावाट आयात गरिएको थियो । सोही दिन पिक समयमा पनि ४ मेगावाट विद्युत् भारततर्फ निर्यात गरिएको थियो ।

विद्युत् बढी खपत हुने काठमाडौं उपत्यकासहित आसपासका क्षेत्रमा विद्युत् माग पनि ह्वातै बढेको छ । काठमाडौं उपत्यकामा विद्युत्को अधिकतम माग ९० मेगावाटको हाराहारीमा वृद्धि भएको छ । गत वर्ष २९३ मेगावाट रहेको काठमाडौं उपत्यकाको पिक डिमान्ड यस वर्ष ३८२ मेगावाट पुगेको छ । यसले पनि काठमाडौं उपत्यकामा पनि उल्लेख्यरूपमा बिजुलीको मागमा वृद्धि भएको देखिन्छ । उपत्यकामा विद्युतीय चुलोको प्रयोगमा वृद्धि भएको पाइएको छ । ऊर्जाका मागका आधारमा मङ्सिर २७ गते विद्युत् खपत दुई करोड ७२ लाख युनिट थियो । यो खपत गत वर्षको सोही दिनको दुई करोड ११ लाखको तुलनामा ६१ लाख युनिट बढी हो । ऊर्जाका आधारमा विद्युत् खपत गत वर्षको तुलनामा २८.६५ प्रतिशतले बढी हो ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले गत वर्षको तुलनामा यस वर्ष ३० प्रतिशतको हाराहारीमा पिक डिमान्ड बढ्नु ठूलो उपलब्धि भएको बताए । "घरायसी प्रयोजनका लागि इन्डक्शन चुलो तथा घरमा एयर कन्डिशनको प्रयोग बढिरहेको छ, विद्युतीय सवारीसाधनको प्रयोग बढ्दा चार्जिङ स्टेशन विस्तार भइरहेका छन्, औद्योगिक क्षेत्रमा पर्याप्त विद्युत् उपलब्ध गराउने प्रयाससँगै लोडको माग बढिरहेको छ," उनले भने । उनले विद्युत्को माग अहिलेकै रूपमा वृद्धि भयो भने चालू आवको अन्त्यसम्ममा दुई हजार मेगावाटको हाराहारीमा पुग्न सक्ने देखिएको जानकारी दिए ।

कार्यकारी निर्देशक घिसिङले उपभोक्तालाई भरपर्दो र गुणस्तरीय विद्युत् उपलब्ध गराएर देशभित्र उत्पादित विद्युत् आन्तरिकरूपमैं खपत बढाउने कुरालाई पहिलो प्राथमिकतामा राखी अल्पकालीन र दीर्घकालीन योजना अन्तर्गत प्रसारण तथा वितरणतर्फका पूर्वाधार विस्तार तथा सुदृढीकरणलाई उच्च प्राथमिकतामा राखी काम अगाडि बढाइएको बताए । उनी आफैंले मुलुकभित्रका मुख्य औद्योगिक कोरिडोरको अनुगमन भ्रमण गरी उद्योगीहरूलाई चाहिए जति विद्युत् लिन आग्रह गर्दै आएका छन् । प्राधिकरणको अल्पकालीन योजना अन्तर्गत विद्युत् माग गरेका उद्योगलाई प्रसारण तथा वितरण लाइनको सुदृढीकरण तथा क्षमता विस्तार गरी तत्काल विद्युत् दिने र निर्माणाधीन आयोजनाको काम जतिसक्दो छिटो सम्पन्न गर्ने रहेको छ ।

दीर्घकालीन योजना अन्तर्गत विद्युत् खपत बढ्न सक्ने सम्भावित ठाउँको पहिचान गरी प्रसारण तथा वितरणतर्फका ठूला क्षमताका लाइन तथा सबस्टेशन निर्माण शुरू गर्ने प्राधिकरणको योजना छ । प्राधिकरणले थप विद्युत् आवश्यक पर्ने उद्योगलाई परिमाण खुलाएर तत्काल आवेदन दिन आग्रह गरिरहेको छ । मुख्यरूपमा औद्योगिक कोरिडोर क्षेत्रको विद्युत् प्रसारण तथा वितरण प्रणालीको सञ्जाल सुधारका लागि बृहत् सुदृढीकरणको काम अगाडि बढाइएको छ ।

## फरक समाचार

# जाडोमा आँखा धमिलो हुने समस्या

जाडोमा ससाना समस्या हुने गर्छ । जस्तै सुन्निने, हातखुट्टा दुख्ने आदि । त्यस्तै, अर्को एउटा समस्या आँखामा पनि हुन्छ । यस मौसममा आँखाले धमिलो हेर्ने समस्या धेरैलाई हुन्छ । धेरैले यो समस्या कुहिरोको कारण भएको भन्छन्



तर यसका कारण थुप्रै हुन्छन् ।

आँखाले धमिलो हेर्नुका धेरै लक्षण देखिन्छन् । आँखा कमजोर हुनु, रातो हुनु, दुख्नेजस्ता समस्या पनि हुन्छ । आँखामा तनावका कारण धमिलो देखिने समस्या हुन्छ । कुनै पनि वस्तुलाई धेरैबेरसम्म हेर्दा आँखामा तनावको समस्या हुन्छ । कम्प्युटर, मोबाइल आदिको स्क्रीनमा बढी समयसम्म हेर्दा यो समस्या झनै बढ्छ । राति कम उज्यालोमा अध्ययन वा सवारीसाधन चलाउँदा पनि आँखामा तनाव हुन्छ ।

**उच्च रक्तचापः** उच्च रक्तचापको कारण पनि आँखामा समस्या हुन्छ । तसर्थ चिकित्सकलाई देखाएर औषधि सेवन गर्नुपर्छ ।

**माइग्रेनः** माइग्रेन टाउको दुखाइको अन्तिम अवस्था हो । माइग्रेनको कारण आँखामा निकै समस्या हुन्छ, जसले गर्दा धमिलो देखिन्छ । माइग्रेन भएपछि उज्यालो र चमकले झनै समस्या बढाउँछ र आँखाअगाडि धब्बा वा लाइनहरू देखिन्छन् ।

**मधुमेहः** मधुमेहको कारण पनि आँखा कमजोर हुन्छ । टाइप १, टाइप २ मधुमेहबाट पीडित व्यक्तिहरू रेटिनोपैथी समस्याबाट ग्रस्त हुन्छन् । रेटिनोपैथीको कारण शरीरमा ब्लड सुगरको मात्रा बढ्छ, जसले गर्दा स्मल ब्लड वेसल्सलाई नोक्सान पुग्छ र आँखामा नराम्रो असर पर्छ ।


**बचावका उपायः** सङ्क्रमणबाट जोगिन चश्मा खोल्ने बेलामा हात धुनुपर्छ । यदि तपाईं लगातार कम्प्युटरमा काम गर्नुहुन्छ अथवा पुस्तक पढ्नुहुन्छ भने बेलाबेलामा आँखालाई आराम दिनुपर्छ ।

निद्रा पूरा नभएपछि पनि धमिलो देख्ने समस्या हुन्छ, त्यसैले पूरा निद्रा लिनुपर्छ । आँखाको लागि फाइदा पुऱ्याउने एन्टिअक्सिडेन्ट्स, ओमेगा २ फैटी एसिड, भिटामिन आदि लिन सकिन्छ । तनावका कारण पनि धमिलो देख्ने समस्या हुन्छ । तसर्थ चिकित्सकको सल्लाह लिने र योग गर्ने गर्नुपर्छ ।

# प्लास्टिकको बोतलबाट आइसक्रिमको स्वाद

प्रकृतिविज्ञहरूले प्लास्टिकको बोतललाई पुनर्प्रयोग गर्ने तरीका बताउने गर्छन् । प्लास्टिकको प्रयोग धेरै देशमा पनि बन्देज छ तर पनि प्लास्टिकको प्रयोग रोकिएको छैन ।

तर हालै प्लास्टिकको प्रयोग आइसक्रिमको स्वाद बढाउन गरिएको छ ।



वैज्ञानिकहरूले बेकार प्लास्टिकका बोतलबाट स्वादिष्ट भेनिला आइसक्रिम बनाउन एउटा भिन्दै बाटो खोजेका छन् । उनीहरूले बोतलबाट भैनिलिन निकालेर भेनिला फ्लेवर तयार गरेका छन् । अहिलेसम्म भेनिला एसेन्समा प्रयोग हुने फ्लेवर, ८० प्रतिशत भेनिलिनको केमिकल्स र बाँकी २० प्रतिशत भेनिला बीउबाट बनाइन्छ । अब वैज्ञानिकले प्लास्टिकको बोतलबाट भेनिला एसेन्स तयार गर्ने तरीका खोजेका छन् ।

भेनिला फ्लेवरको प्रयोग खानपान, कस्मेटिक, फर्मा, क्लिनिङ हर्बिसाइड उत्पादनमा हुन्छ । वैज्ञानिकले अब यसलाई सिन्थेटिकरूपमा उत्पन्न गर्दैछन् । प्लास्टिकबाट भेनिलिन तयार गरेर प्लास्टिकको प्रदूषणलाई कम गर्ने तयारीमा उनीहरू छन् ।

युनिभर्सिटी अफ एडिनबर्गका दुईजना शोधकर्ताले प्लास्टिक बोतल बनाउन प्रयोग हुने टेरेफथैलिट एसिडलाई जेनेटिक इन्जिनीयरिङको माध्यमबाट भेनिलिनमा परिणत गरेका छन् । यी दुवै तत्त्वमा एउटै केमिकल पाइन्छ । यसमा थोरै परिवर्तन गरेर उनीहरूले एक दिन ३७ डिग्री सेल्सियसमा केमिकल राख्दा ७९ प्रतिशत टेरेफथैलिक एसिड भेनिलिनमा परिणत भएको पाए ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# आँधीमा परी ८० भन्दा बढी मानिसको मृत्यु



आँधीका कारण सडकमा ढलेको रूख । तस्वीरः एएफपी

मनिला, ४ पुस/एएफपी

फिलिपिन्समा यस वर्षको सबैभन्दा शक्तिशाली आँधीमा ८० भन्दा बढी व्यक्तिको मृत्यु भएको छ । योसँगै विनाशकारी टापुहरूमा पानी र खाद्यान्न पुऱ्याउने प्रयासहरू बढ्दै गएका छन् ।

राई आँधीले द्वीपसमूहको दक्षिणी र मध्य क्षेत्रहरूलाई तहसनहस बनाएपछि तीन लाखभन्दा बढी मानिस आफ्नो घर र समुद्र तटका रिसोर्टहरू छोडेर भागेका थिए ।

आँधीले धेरै क्षेत्रमा सञ्चार र बिजुली अवरुद्ध पारेको छ । छाना उडाएको छ। बिजुलीका पोलहरू ढलेका छन् र गाउँहरू बाढीमा डुबेका छन् ।

राईले बिहीवार प्रतिघण्टा १९५ किलोमिटर (१२० माइल) गतिको हावाको गतिमा आएको सुपर टाइफुनको रूपमा देशमा प्रहार गरेको थियो ।

सबैभन्दा बढी प्रभावित क्षेत्रमा खोजी र उद्धार कार्यमा सहयोग गर्न हजारौं सेना, प्रहरी, तटरक्षक र दमकल खटिएका छन् ।

कोस्ट गार्ड र खाना, पानी र चिकित्सा आपूर्ति बोकेका नौसेनाका जहाजहरू प्रभावित क्षेत्रतर्फ पठाइँदै छन् । परोपकारी र आपत्कालीन सेवाहरूले चन्दाको लागि अपील गरेका छन् ।

बोहोलका केही भागहरूमा भएको क्षतिको हवाई सर्वेक्षण गरिएको छ । रासस

# समुद्री विमान दुर्घटना हुँदा चारजनाको मृत्यु



दुर्घटनाग्रस्त विमान । तस्वीरः एएफपी

सिड्नी, ४ पुस/सिन्ह्वा

अस्ट्रेलियाको क्वीन्सल्यान्ड राज्यको राजधानी शहर ब्रिस्बेननजीकै आइतवार एउटा हल्का विमान समुद्रमा दुर्घटना हुँदा चारजनाको मृत्यु भएको छ ।

क्वीन्सल्यान्ड प्रहरीले मृत्यु हुनेमा दुईजना वयस्क पुरुष र दुईजना बालबालिका रहेको पुष्टि गरेको छ । विमान मङ्ग्रोभपछाडि हराएको थियो ।

चार सिटको सानो विमानले स्थानीय समय अनुसार बिहान ९ बजे ब्रिस्बेनको उत्तरमा रहेको रेडक्लिफ एयरपोर्टबाट उडान भरेको थियो । क्वीन्सल्यान्ड प्रहरीको विज्ञप्तिमा भनिएको छ, क्वीन्सल्यान्ड वाटर पुलिस अधिकारीहरू र राज्यको फोरेन्सिक क्र्यास युनिटहरूले अनुसन्धान जारी राखेका छन् । विमान खोज्न गोताखोरहरू पठाइएका छन् । घटनाको लगत्तै पत्रकारहरूसँग कुरा गर्दै क्वीन्सल्यान्डका प्रहरी आयुक्त क्याटरिना क्यारोलले भनिन, "विमान सिमसार क्षेत्रमा निकै कठिन अवस्थामा छ र अहिले त्यस क्षेत्रमा प्रहरी र गोताखोरहरू परिचालन गरिएका छन् ।" रासस

# बेइजिङका नागरिकहरूका लागि बरफ र हिउँको मौसम खुला



तस्वीरः एजेन्सी

बेइजिङ, ४ पुस/सिन्ह्वा

बेइजिङको सिजिङलोङ स्की रिसोर्टमा शनिवारदेखि आठौं बेइजिङ नागरिकको शुभ बरफ र हिउँको मौसम शुरू भएको छ ।

अर्को वर्ष अप्रिलसम्म चल्ने यस सिजनमा बेइजिङका बासिन्दाहरूका लागि बरफ र हिउँ खेलकूद संस्कृति फैलाउन र सम्बन्धित उद्योगहरूमा खपत बढाउने प्रयासमा थुप्रै खेलकूद र सांस्कृतिक कार्यक्रमहरू समावेश हुनेछन् ।

बेइजिङमा यो बरफ र खेलकूद खेल महोत्सव २०२२ को शीतकालीन ओलम्पिक खेलका लागि अभियानको रूपमा सन् २०१४ मा उद्घाटन गरिएको थियो ।

जुलाई २०१५ मा बेइजिङको सफल बोलीपछि बरफ र हिउँको मौसम एक प्रसिद्ध सामूहिक खेल गतिविधिको रूपमा विकसित भएको छ । रासस

घरबाट निस्केको फोहोर डस्टबिनमा फालौं,
सभ्यताको परिचय दिऔं ।

वीरगंज महानगरपालिका

**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

# प्रदेश २ मा कोरोना सङ्क्रमण बढ्यो




तस्वीरः प्रतीक

प्रस, जनकपुरधाम, ४ पुस/

केही समय स्थिर रहेको कोरोना सङ्क्रमण दर पछिल्लो समय प्रदेश २ मा पुनः बढ्न थालेको छ ।

बितेको मङ्सिर अन्तिम सातासम्म सङ्क्रमण दर घट्दै गएकामा अहिले फेरि बढ्न थालेको प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ । स्वास्थ्य निर्देशनालयका अनुसार पछिल्लो एक साताको अवधिमा सङ्क्रमितको सङ्ख्या झन्डै दोब्बरले वृद्धि भएको छ ।

नयाँ सङ्क्रमित थपिएकामध्ये अधिकांश धनुषा जिल्लाका रहेका निर्देशनालयले जनाएको छ । बितेको मङ्सिर १८ गते प्रदेशमा ३४ जना कोरोना सङ्क्रमित रहेकामा यो पुसको ३ गते शनिवारसम्म सङ्क्रमितको सङ्ख्या ६५ पुगेको स्वास्थ्य निर्देशक विजय झाले जानकारी दिएका छन् । सङ्क्रमित मध्ये ६२ जना होम आइसोलेशनमा छन् भने तीनजना चिकित्सकको निगरानीमा छन् । सक्रिय सङ्क्रमितमध्ये धनुषाका ३५ जना हुन् । बाँकी महोत्तरीका १६ जना, सिराहाका पाँच, सर्लाहीका तीन, पर्साका चार, सप्तरीका एक र बाराका एकजना सक्रिय सङ्क्रमित रहेको प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ ।

# सुनको मूल्य प्रतितोला ९३ हजार ६००



तस्वीरः फाइल

काठमाडौं, ४ पुस/रासस

सुनचाँदी बजारमा साताको पहिलो कारोबार दिन आइतवार छापावाल सुनको मूल्य प्रतितोला रु ९३ हजार ६०० तोकिएको छ ।

अघिल्लो दिन प्रतितोला रु ९४ हजारमा कारोबार भएको पहेंलो धातुको मूल्य आज प्रतितोला रु ४०० ले घटेको हो ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरण अनुसार तेजाबी सुनको आजको मूल्य प्रतितोला रु ९३ हजार १०० कायम भएको छ, जसको मूल्य गत शुक्रवार प्रतितोला रु ९३ हजार ५०० तोकिएको थियो ।

आज चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यका तुलनामा प्रतितोला रु पाँचले घटेर रु एक हजार २४५ तोकिएको महासङ्घले जनाएको छ । अन्तर्राष्ट्रिय बजारमा आज सुन प्रतिऔंस एक हजार ७९८ डलर आसपास कारोबार भइरहेको छ ।

# छुरा प्रहारबाट युवकको मृत्यु

प्रस, सिराहा, ४ पुस/

सिराहाको गोलबजार नगरपालिका–६ मा शनिवार राति युवकहरूको दुई समूहबीच छुरा हानाहानमा एकजना युवकको ज्यान गएको छ । घटनामा अर्का एकजना घाइते भएका छन् ।

छुरा प्रहारबाट मृत्यु हुनेमा गोलबजार–६ डोहटिया निवासी २६ वर्षीय रामकुमार सदा रहेको प्रहरीले जनाएको छ । छुरा लागी गम्भीर घाइते सदालाई उपचारका लागि धनगढीमाई नगरपालिका– ९ स्थित आरके मेडिसिटी अस्पताल पुऱ्याएकोमा चिकित्सकले मृत घोषणा गरेको इलाका प्रहरी कार्यालय, गोलबजारले जनाएको छ ।

घाइते सोही ठाउँका १९ वर्षीय निकेश सदाको सोही अस्पतालमा उपचार भइरहेको छ । घटनाबारे अनुसन्धान तथा संलग्न व्यक्तिको खोजी भइरहेको प्रहरीले जनाएको छ ।

घटनामा संलग्नलाई यथाशीघ्र पक्राउ गरी कारबाई गर्न माग गर्दै आइतवार बिहान स्थानीय बासिन्दाले केहीबेर सडक अवरुद्ध गरेका थिए ।

# गाँजासहित एकजना भारतीय नागरिक पक्राउ

प्रस, जनकपुरधाम, ४ पुस/

गाँजासहित धनुषाबाट प्रहरीले एकजना भारतीय नागरिकलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा सीमावर्ती क्षेत्र भारत मधुवनी निवासी २२ वर्षीय विजयकुमार महतो रहेको इलाका प्रहरी कार्यालय ढल्केबरले जनाएको छ ।

शनिवार साँझ बिआर ३२ के ९१२७ नम्बरको स्कार्पियोमा सवार पाँचजना व्यक्ति शङ्कास्पदरूपमा महोत्तरीको बर्दिवासबाट ढल्केबरतर्फ आइरहेको भन्ने सूचनाको आधारमा प्रहरी टोलीले चेकजाँच गरेको थियो ।

प्रहरी टोलीले पछ्याएको थाहा पाएपछि स्कार्पियोमा बसेकाहरूले गाडीबाटै गाँजा भएको प्लास्टिकका बोरा फालेर भाग्न खोज्दा स्कार्पियो पुलमा ठोकिएर दुर्घटना भएको थियो । प्रहरीका अनुसार दुर्घटना हुनासाथ गाडीमा सवार पाँचैजना भागेका थिए । उनीहरूलाई खोजतलाश गर्ने क्रममा उखुबारीबाट महतोलाई पक्राउ गरिएको हो । फरार रहेका अन्य व्यक्तिहरूको खोजी भइरहेको छ ।

गाडीबाट फालेको बोराबाट साढे १९ किलो गाँजा बरामद भएको हो । उनीहरू सवार गाडीसमेत प्रहरी नियन्त्रणमा रहेको इलाका प्रहरी कार्यालय, ढल्केबरले जनाएको छ ।

# चालक/सहचालकको आँखा परीक्षण

प्रस, जीतपुर, ४ पुस/

ट्राफिक सचेतना अभियान अन्तर्गत २ नं प्रदेश ट्राफिक प्रहरी कार्यालय, पथलैयाले चालक/सहचालकहरूको आँखा परीक्षण गरेको छ ।

वीरगंज सामुदायिक आँखा अस्पतालको सहकार्यमा पथलैयामा चालक/सहचालकहरूको आँखा चेकजाँच गरिएको अस्पतालका महेशसिंह धामीले बताए । उनले शिविरमा १११ जना चालक, १७ जना सहचालक र २६ जना सर्वसाधारण गरी १५४ जनाको आँखा परीक्षण गरिएको जानकारी गराएका छन् ।

## आजको राशिफल

| | |
|---|---|
| मेष – राज्यलाभ | वृष – अतिथिआगमन |
| मिथुन – सुयश | कर्कट – खर्चवृद्धि |
| सिंह – कर्मप्राप्ति | कन्या – कर्मप्राप्ति |
| तुला – राज्यलाभ | वृश्चिक – रोगभय |
| धनु – व्यापारवृद्धि | मकर – शत्रुपराजय |
| कुम्भ – ज्ञानोदय | मीन – उदरपीडा |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# चीसो बढ्यो, जनजीवन प्रभावित

प्रस, जनकपुरधाम, ४ पुस/

प्रदेश २ को क्षेत्रमा शनिवारदेखि अचानक चीसो बढेको छ । चीसोका कारण धनुषासहित प्रदेशका प्रायः सबै जिल्लाका जनजीवन प्रभावित भएको छ । साँझ र बिहान कठ्याङ्ग्रिदो चीसो हुन थालेको छ भने दिउँसो पनि घाम मधूरो भएको छ । चीसोका कारण बालबालिका र वृद्धवृद्धा बढी प्रभावित भएका छन् ।

चीसो बढ्न थालेसँगै बजारमा न्यानो लुगाको माग बढेको व्यापारीहरूले बताएका छन् । गाउँबस्तीका सर्वसाधारण जाडो छल्न घुर बालेर आगो ताप्ने क्रम बढेको छ । चीसोले बालबालिका, वृद्धवृद्धाको स्वास्थ्यमा तुरुन्तै असर पार्ने भएकोले उनीहरूको ख्याल गर्नुपर्ने चिकित्सकको सुझाव छ । चीसो बढ्न थालेपछि रुघाखोकी, ज्वरो, झाडापखालाका बिरामी पनि बढ्न थालेका छन् ।



तस्वीरः फाइल

# एमालेले बुथ सम्पर्क अभियान शुरू गर्ने निर्णय

प्रस, वीरगंज, ४ पुस/

नेकपा एमाले वीरगंज महानगर



तस्वीरः सौजन्य

कमिटीले बुथ सम्पर्क अभियान शुरू गर्ने निर्णय गरेको छ।

दशौं महाधिवेशनमा अध्यक्ष केपी शर्मा ओलीले दिएको सन्देश अनुसार उनको सरकार रहँदा भएका महत्त्वपूर्ण कार्यको जानकारी बुथस्तरसम्म पुऱ्याउन र सङ्गठन निर्माण तथा पार्टी प्रवेश कार्यक्रम गर्न अभियान शुरू गरिएको उपाध्यक्ष महेश दासले बताए। उनले यो अभियान पुस १५ गतेदेखि दुई महीनासम्म सञ्चालन हुने जानकारी गराएका छन्।

अभियान महानगरका ३२ वटै वडामा सञ्चालन हुने सचिव सुन्दर कर्मीले बताए। दुई महीने अभियानमा बुथस्तरमा जनवर्गीय सङ्गठन गठन, विस्तार, मतदाता नामावली दर्तामा जनतालाई सहयोग गर्ने र रचनात्मक अतिरिक्त क्रियाकलाप लगायतका कार्यहरू गरिने सचिव कुर्मीले बताए।

वीरगंज महानगर कमिटीको अध्यक्ष राजेन्द्रप्रसाद यादवको अध्यक्षतामा बैठकमा आगामी कार्ययोजना र बुथ सम्पर्क अभियान कार्यक्रम योजनाबारे उपाध्यक्ष दासले प्रस्ताव पेस गरेका थिए।

यसैगरी, बैठकले यही पुस ८ गते जगरनाथपुर गापामा पार्टी अध्यक्ष ओली आउने कार्यक्रममा भव्य सहभागिता जनाउने निर्णय गरेको छ। बैठकमा केन्द्रीय सदस्यहरू प्रभु हजरा, निर्मला देवकोटा, राजकुमार गुप्ता, अरविन्द सिंहलगायतको सहभागिता थियो।

# छ महीनापछि फरार अभियुक्तमध्येका थिङ पक्राउ

प्रस, निजगढ, ४ पुस/

छ महीनाअघि रतनपुरी अस्थायी


गाँजाकाण्डमा पक्राउ परेका थिङलाई कलैया लैजाँदै। तस्वीरः जीतलाल श्रेष्ठ

प्रहरी चौकीका इन्चार्ज एवं प्रहरी सहायक निरीक्षक शम्भुप्रसाद यादवले गाँजा तस्करसँग सात लाख रुपैयाँ बार्गेनिङ गरी छोडिदिएका चारजना अभियुक्तमध्ये एकजनालाई मकवानपुर प्रहरीले पक्राउ गरी शनिवार बारा प्रहरीलाई बुझाएको छ।

पक्राउ पर्नेमा निजगढ नगरपालिका–१२ रामथलीका ३० वर्षीय सोमबहादुर थिङ रहेको र उनलाई मकवानपुरको नामटारबाट राति पक्राउ गरिएको हो।

गत जेठ ३१ गते राति बाराको निजगढ नगरपालिकाको रतनपुर जङ्गलमा गाँजा तस्कर थिङ र प्रहरी इन्चार्ज यादवबीच मोटो रकमको बार्गेनिङ भएको खुलासा भएको थियो। पक्राउ परेका थिङले रतनपुर अस्थायी प्रहरी चौकीका तत्कालीन इन्चार्ज यादवले आफूसँग घटनास्थलमा सात लाख रकम माग गरेको र उक्त रकम दिन नसक्ने भनेपछि अढाई लाख रुपैयाँ भोलि दिने सहमतिमा गाँजा लोड अटो नियन्त्रणमा लिई आफूलाई छोडिदिएको बताएका थिए।

त्यस रात घटनास्थलमा दिनेश लामाले चलाएको मोटरसाइकलको पछाडि बस्ने मलाई चाहिं प्रहरीले नियन्त्रणमा लिई हतकडी लगाउने तर दिनेशलाई भने प्रहरीले केही नगरी खासखुस कुरा गरी छोडिदिएको अभियुक्त थिङले फरार हुनुअघि र सो घटना भएको केही दिनपछि प्रतीककर्मी जीतलाल श्रेष्ठलाई बताएका थिए।

रतनपुरकै गाँजा तस्करी दिनेश लामाले प्रहरी इन्चार्ज यादवसँग मिलेमतो गरी आफूलाई फसाएको आशङ्कासमेत थिङले गरेका थिए।

६० किलो गाँजा, अटो, मोटरसाइकल प्रहरीले त्यसै बेला नियन्त्रणमा लिए पनि सोलाई छुटाउन भन्दै त्यस बेला लामाले आफूलाई चर्को दबाब दिएको बताएका थिए।

सो घटना बाहिर आएसँगै जिल्ला प्रहरी कार्यालय, बाराले प्रहरी निरीक्षक भरत अधिकारीको नेतृत्वमा तीन सदस्यीय अनुसन्धान तथा छानबीन टोली गठन गरी अनुसन्धान शुरू गरेको थियो। तर घटनामा संलग्न चारैजना प्रहरीसँग सम्पर्कविहीन भएपछि अनुसन्धानले पूर्णता पाउन सकेको थिएन।

घटनालाई निष्कर्षमा पुऱ्याउन सकिने अधिक सम्भावना अभियुक्त थिङ पक्राउ परेपछि भएको छ। घटनाबारे यता निजगढ नगरपालिका–११ स्थित अस्थायी प्रहरी पोस्ट रतनपुर, बाराका तत्कालीन इन्चार्ज एवं प्रहरी सहायक निरीक्षक शम्भुप्रसाद यादवले भने उक्त आरोप निराधार भएको जिकिर त्यसै बेला गरेका थिए।

घटनामा प्रहरीले बार्गेनिङ गरेको समाचार प्रकाशित भएपनि रतनपुर अस्थायी प्रहरी चौकीका इन्चार्ज यादवलाई तीन दिनपछि जिल्ला प्रहरी कार्यालय बारामा तानिएको थियो।

घटनामा संलग्न फरार अभियुक्तहरूले त्यसयता गाउँ नै छाडेका थिए। उनीहरूलाई पक्राउ गर्न प्रहरी परिचालन भएपनि घर र उनीहरू बस्ने सम्भावित स्थानहरूमा खोजतलाश गर्दा समेत फेला नपरेको इप्रका, निजगढका प्रहरी निरीक्षक शङ्कर चौधरीले जानकारी दिए। प्रहरीले उनीहरूको खोजी गर्ने क्रममा ५/७ स्थानमा छापामारी गरेको र यस क्रममा अभियुक्त दिनेश लामाले चढ्दै आएको पल्सर मोटरसाइकल तीन महीनाअघि नियन्त्रणमा लिन सकेको थियो।

गाँजा मकवानपुरको हटिया भोगटेबाट सोही दिन ल्याइ बुङ्जोर फूटबल चउरको जङ्गलमा लुकाइ राति लोड गरी निजगढतर्फ लैजान लागेको रहस्य खुलेको थियो। तर यसरी ल्याइने गाँजा किन्ने व्यापारीहरूका बारे भने प्रहरीले केही जानकारी दिएको छैन। जिल्ला प्रहरी कार्यालय, बाराका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक राजेश थापासँग बुझ्दा प्रहरीले थिङसँग सोधपुछ शुरू गरिसकेको र घटनाको सूक्ष्म अनुसन्धान गरी दोषी देखिए संलग्नलाई कानूनी कारबाई गरिने बताए।




# खेलकूदको संसार

## अन्तरविद्यालय तेक्वान्दोः उद्घाटनमा ज्ञानदा विजयी

प्रस, वीरगंज, ४ पुस/

ज्ञानदा एकेडेमीको आयोजनामा आइतवारदेखि अन्तरविद्यालय तेक्वान्दो प्रतियोगिता शुरू भएको छ। वीरगंज महानगरका प्रमुख विजयकुमार सरावगीले प्रतियोगिताको उद्घाटन गरेका थिए।



सो अवसरमा उनले खेलकूदको विकास र आत्मसुरक्षाको निम्ति तेक्वान्दोको महत्त्व छुट्टै रहेको बताए। उनले खेलकूदलाई विद्यालयले प्राथमिकतामा राखेर काम गरेकोमा प्रशंसा गर्दै यस्ता कार्यलाई निरन्तरता दिन सुझाव दिए।

आजको प्रथम चरणको खेलमा ज्ञानदा एकेडेमीका चेष्टा अग्रवाल विजयी भइन्। दिल्ली पब्लिक स्कूलकी हिमानी अग्रवाललाई पराजित गरेर उनी विजयी भएकी थिइन्। अन्तरविद्यालय तेक्वान्दो प्रतियोगितामा वीरगंजका एन्जल इन्टरनेशनल, राष्ट्रिय विभूति सामुदायिक शिक्षा सदन, नेरामाविलगायतको सहभागिता रहेको प्रधानाध्यापक डा सिबी जदलीले बताए।

## साफ यू-१९ च्याम्पियनशिप : नेपाल भारतसँग पराजित

काठमाडौं, ४ पुस/रासस

बङ्गलादेशमा जारी साफ यू–१९ (१९ वर्षमुनि) महिला फूटबल च्याम्पियनशिपमा नेपाल भारतसँग पराजित भएको छ। बङ्गलादेशको राजधानी ढाकामा आइतवार भएको खेलमा भारतसँग नेपाल १–० गोलअन्तरले पराजित भएको हो। जीतसँगै भारत भने प्रतियोगिताको फाइनलमा पुगेको छ। भारतको जीतमा प्रियङ्का देवीले गोल गरिन्। उनले खेलको ६७औं मिनेटमा


तस्वीरः फाइल

गरेको एक गोल नै भारतको लागि निर्णायक गोल साबित भयो।

यता पराजयसँगै नेपालको फाइनलमा प्रवेश गर्ने सम्भावना अर्को खेलको नतीजालाई कुर्नुपर्ने भएको छ। फाइनल प्रवेशका लागि नेपाललाई भारतसँग केवल बराबरीको आवश्यकता थियो। अब नेपालले फाइनल प्रवेशका लागि बङ्गलादेश र श्रीलङ्काबीच हुने खेलको नजीता पर्खनुपर्नेछ। बङ्गलादेशले श्रीलङ्कामाथि जीत वा बराबरीकै नजीता निकाले नेपाल प्रतियोगिताबाट बाहिरिनेछ भने बङ्गलादेशले पराजय भोगे नेपाल फाइनलमा प्रवेश गर्ने सम्भावना रहनेछ। भारतले चारमध्ये तीन खेल जित्दै नौ अङ्क जोडेको छ भने समान खेल खेलेको नेपालले दुई खेलमा जीत, एकमा बराबरी र एक खेल हारेको थियो। नेपालको सात अङ्क रहेको छ।

### भलिबल टोलीको बिदाइ

युवा तथा खेलकूदमन्त्री महेश्वरजङ्ग गहतराजले बङ्गलादेश जाने राष्ट्रिय महिला तथा पुरुष भलिबल टोलीलाई सफलताको शुभकामना दिंदै बिदाइ गरेका छन्।

बङ्गलादेशमा यही पुस ६ देखि १४ गतेसम्म आयोजना हुने एशियन सिनियर सेन्ट्रल जोन पुरुष तथा महिला भलिबल प्रतियोगितामा सहभागी हुने खेलाडी, प्रशिक्षक तथा अफिसियललाई राष्ट्रिय झन्डा प्रदान गरे। नेपाली टोली सोमवार बङ्गलादेश प्रस्थान गर्नेछ।

कार्यक्रममा खेलकूदमन्त्री गहतराजले खेलाडीको खेल जीवनपछिको अवस्थाका बारेमा मन्त्रालयले विभिन्न सरोकारवाला पक्षसँग छलफल गरिरहेको जानकारी दिए। कार्यक्रममा नेपाल भलिबल सङ्घका महासचिव जीतेन्द्र चन्द्रले राष्ट्रिय टोलीको तयारी राम्रो रहेको बताए।

### पर्सा जिल्लामा करीब....

भएको थियो। सो क्रममा भेरोसिल र कोभिशिल्ड गरी कुल १ लाख १७ हजार ८८८ जनाले लिएको जिल्ला स्वास्थ्य कार्यालय, पर्साले जनाएको छ। कोरोनाविरुद्धको सबैभन्दा बढी खोप विशेष अभियानमा दिइएको तथ्याङ्कबाट देखिन्छ। यसअघि विभिन्न चरणमा दिइएका खोपभन्दा विशेष अभियानमा दिएको खोपको सङ्ख्या १ लाख १७ हजार ८८८ ले सबैभन्दा बढी देखिएको हो।

### जाडोमा माछाको माग...

माछाको दश प्रतिशत माझीहरूले पारिश्रमिकको रूपमा लिने गर्छन्। तर अहिले पारिश्रमिकमा पनि केही बढोत्तरी हुने गरेको छ।

चीसोमा गर्मीसरह नै पोखरीमा माछा मार्न सजिलो हुने गरेको माझीहरू बताउँछन्। गर्मीमा पानीको माथिको सतह तातो हुने र प्रवेश गरेपछि भित्री सतह चीसो हुने गरेकोले शुरूमा प्रवेश गर्दा समस्या भएपनि पछि रमाइलो हुने गरेझैं जाडोमा गर्मीको विपरीत पोखरीको माथिको सतह चीसो र भित्री सतह तातो हुने भएकोले माछा मार्न असहज नहुने माझीहरूको बुझाइ छ।

महिलामाथि हुने शारीरिक, मानसिक, यौनिक र मनोवैज्ञानिक हिंसा नै महिला हिंसा हो।

त्यस्ता हिंसा सामाजिक तथा कानूनीरूपमा अपराध हुन्।

कोही कसैबाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधि, न्यायिक समिति तथा प्रहरीमा खबर गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड